# खाँडाचक्र नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
# मान्म, कालीकोट
# कर्णाली प्रदेश, नेपाल

## शिक्षा सम्पर्क व्यक्ति व्यवस्थापन निर्देशिका, २०८१

स्वीकृत मिति : २०८१/ ११ /२६

### प्रस्तावना

नेपालको संविधानको अनुसूची ८ मा आधारभूत र माध्यमिक शिक्षासम्बन्धी अधिकार स्थानीय तहलाई प्रदान गरिएको साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २ को खण्ड (ज) मा आधारभूत र माध्यमिक शिक्षासम्बन्धी २३ वटा अधिकार स्थानीय तहलाई दिइएकोले खाँडाचक्र नगरपालिकाअन्तर्गतका विद्यालयहरूबाट प्रदान गरिने शिक्षालाई गुणस्तरीय बनाउन, विद्यालय निरीक्षण, अनुगमन तथा सुपरीवेक्षणलाई नियमित र प्रभावकारी बनाउन, शिक्षकहरूलाई प्राविधिक तथा पेसागत सहयोग पुर्‍याउन, नमुना कक्षा प्रदर्शन गर्न, सिकाइ उपलब्धि परीक्षण गर्न तथा विद्यालय सुशासन कायम गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिमको अधिकार प्रयोग गरी खाँडाचक्र नगरपालिका, नगरकार्यपालिकाले यो निर्देशिका जारी गरेको छ ।

## परिच्छेद - १

### १. संक्षिप्त नाम र प्रारम्भ :

१.१ यो निर्देशिकाको नाम “शिक्षा सम्पर्क व्यक्ति व्यवस्थापन निर्देशिका, २०८१” हुनेछ ।

१.२ यो निर्देशिका नगरपपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

१.३ परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा:

(क) “ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्झनुपर्छ ।

(ख) ) “नगरप्रमुख” भन्नाले खाँडाचक्र नगरपालिकाको प्रमुख सम्झनुपर्छ ।

(ग) "नगर उपप्रमुख" भन्नाल खाँडाचक्र नगरपालिकाको उपप्रमुख सम्झनुपर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले खाँडाचक्र नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ङ) "शिक्षा" शाखा भन्नाले खाँडाचक्र नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले खाँडाचक्र नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(छ) "शिक्षा शाखा प्रमुख" भन्नाले खाँडाचक्र नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको शाखा अधिकृतलाई सम्झनुपर्छ ।

(ज) "निर्देशिका" भन्नाले "शिक्षा सम्पर्क व्यक्ति व्यवस्थापन तथा परिचालक निर्देशिका, २०८१" सम्झनुपर्छ ।

(झ) "नगरपालिका" भन्नाले खाँडाचक्र नगरपालिका कालीकोट सम्झनुपर्छ ।

(ञ) "विद्यालय" भन्नाले खाँडाचक्र नगरपालिकाअन्तर्गत सञ्चालित सम्पूर्ण विद्यालयहरू सम्झनुपर्छ । सो शब्दले प्रारम्भिक बाल विकास केन्द्र समेतलाई बुझाउनेछ ।

(ट) "शिक्षा ऐन" भन्नाले खाँडाचक्र नगरपालिकाको शिक्षा ऐन, २०७५ सम्झनुपर्छ ।

(ठ) "शिक्षा समिति" भन्नाले खाँडाचक्र नगरपालिकाको नगर शिक्षा समितिलाई सम्भनुपर्छ ।

(ड) "वडा शिक्षा समिति" भन्नाले खाँडाचक्र नगरपालिकाको प्रत्येक वडामा गठित वडा शिक्षा समितिलाई सम्झनुपर्छ

(ढ) "शिक्षा सम्पर्क व्यक्ति" भन्नाले नगरपालिकाभित्रका विद्यालयहरूको निरीक्षण, अनुगमन, सुपरीवेक्षण, शिक्षकहरूलाई प्राविधिक सहयोग पुर्‍याउन तथा शाखामा कामका लागि नगरपालिकाभित्रका विद्यालयमा कार्यरत माध्यमिक तह (कक्षा ९-१२) का शिक्षकहरूमध्ये शिक्षा शाखामा काज खटाइएको शिक्षक भन्ने सम्झनुपर्छ ।

(ण) "समिति" भन्नाले शिक्षा सम्पर्क व्यक्ति छनौट समितिलाई सम्झनुपर्छ ।

(त) "गणित विज्ञान सम्पर्क व्यक्ति" भन्नाले नगरपालिकाभित्रका आधारभूत तहमा कार्यरत विज्ञान र गणित विषयका शिक्षकहरूलाई प्राविधिक सहयोग पुर्‍याउन नियुक्ति गरिएको व्यक्ति सम्झनुपर्छ ।

## परिच्छेद -२

### २. उद्देश्य

२.१ शिक्षा सम्पर्क व्यक्तिहरूलाई खाँडाचक्र नगरपालिकाअन्तर्गतका विद्यालयहरूको सुपरीवेक्षण गरी शैक्षिक कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गराउने, विद्यालयमा शिक्षक सहयोगसम्बन्धी कार्य गर्ने गराउने र शैक्षिक सेवा प्रवाह गर्ने गराउने यो निर्देशिकाको प्रमुख उद्देश्य हुनेछ ।

## परिच्छेद -३

### ३. शिक्षा सम्पर्क व्यक्तिको नियुक्तिसम्बन्धी व्यवस्था

३.१ शिक्षा सम्पर्क व्यक्ति नियुक्तिका लागि प्रचलित कानुनमा व्यवस्था भएबमोजिम सिफारिस गर्न देहायका सदस्यहरू रहेको शिक्षा सम्पर्क व्यक्ति छनौट समिति रहनेछ।

**(क) प्रमुख प्रशासकीय अधिकृत** **-संयोजक**

**(ख) विषयविज्ञ** **– १ जना-सदस्य**

**(ग) शिक्षा शाखा प्रमुख** **-सदस्य सचिव**

३.२ समितिले शिक्षा सम्पर्क व्यक्ति नियुक्तिको लागि न्यूनतम योग्यता पुगेका व्यक्तिहरूबाट आवेदन माग गरी कम्तिमा १५ दिनको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ।

३.३ शिक्षा सम्पर्क व्यक्ति छनौटका आधारमा परिच्छेद ७बमोजिम हुनेछ।

३.४ समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले शिक्षा सम्पर्क व्यक्तिको नियुक्ति गर्नेछ।

३.५ शिक्षा सम्पर्क व्यक्तिले सन्तोषजनक काम नगरेमा नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले काजफिर्ता गर्न सक्नेछ र यसरी काजफिर्ता गर्दा सफाई पेश गर्ने अवसर दिइनेछ।

## परिच्छेद - ४

### ४. शिक्षा सम्पर्क व्यक्तिका काम, कर्तव्य र अधिकाहरू

**४.१शिक्षा सम्पर्क व्यक्तिका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ**

(क) शिक्षा सम्पर्क व्यक्ति सामान्यतया प्रशासनिक रुपमा प्रमुख प्रशासकीय अधिकृतप्रति उत्तरदायी रहने,

(ख) शिक्षा सम्पर्क व्यक्तिले विद्यालयहरुमा शिक्षक सहयोगसम्बन्धी प्राविधिक सहयोग र क्षमता अभिवृद्धि गर्न सहजकर्ताको भूमिका निर्वाह गर्ने,

(ग) शैक्षिक सेवा सुविधा एवम् सूचनाहरु प्रवाह गर्ने गराउने,

(घ) नगर शिक्षा योजना र विद्यालय सुधार योजनामा सक्रिय भूमिका निर्वाह गर्ने,

(ङ) नगरपालिकालाई शिक्षाको योजना निर्माण तथा सोको कार्यान्वयनसम्बन्धी कार्यमा प्राविधिक सहयोग गर्ने,

(च) महिनामा १०देखि १५ वटासम्म विद्यालयहरूको निरीक्षण गर्ने,

(छ) नगरपालिकाभित्रका प्रत्येक विद्यालयको विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको बैठकमा बर्षमा कम्तिमा २ पटक पर्यवेक्षकका रुपमा भाग लिने आवश्यक सल्लाह सुझाव तथा सहयोगीको रुपमा कार्य गर्ने,

(ज) विद्यालयको सुवरिवेक्षक, प्राविधिक सहयोग, शिक्षक सहयोगसम्बन्धी बार्षिक कार्यक्रम बनाई नगरपालिकामा राख्ने, सो अनुसार कार्य गर्ने,

(झ) स्वीकृत बार्षिक कार्यक्रमअनुसार मासिक कार्ययोजना बनाई शिक्षा शाखा प्रमुखबाट स्वीकृत गराउने र सोको कार्यान्वयन गर्ने,

(ञ) नगरपालिकाको विद्यालय शिक्षासँग सम्बन्धित सूचनाहरु अद्यावधिक गरी राख्ने,

(ट) नगरपालिका अन्तर्गत विद्यालयहरुको विद्यालय सुधार योजना निर्माण, सामाजिक परिक्षण र विद्यालय स्तरीकरण कार्यमा प्राविधिक सहयोग गर्ने र सोसम्बन्धी प्रतिवेदन सम्प्रेषण गर्ने, गर्न लगाउने,

(ठ) शैक्षिक सत्र सुरु भएको १ महिनाभित्र विद्यालयगत रुपमा गत शैक्षिक सत्रको कक्षा १ देखि १० सम्मका परीक्षाफलको विश्लेषण गर्ने,

(ड) प्रत्येक बर्षको सिकाइ उपलब्धिको तुलनात्मक विश्लेषण र प्रदर्शन गर्ने,

(ढ) सिकाइ उपलब्धिको विश्लेषणपश्चात नगरपालिकाको प्रधानाध्यापक बैठकमा छलफल गराई सुधारका उपायहरुको खोजी गर्ने,

(ण) सिकाइ उपलब्धि अभिवृद्धि हुने क्रियाकलापको बारेमा प्रधानाध्यापकको बैठकमा छलफल गरी योजना बनाउन सहयोग गर्ने,

(त) विद्यार्थीको सिकाइ उपलब्धि सुधारका लागि शिक्षकको विषयगत समिति गठन, अन्तक्रिया र शिक्षक सहकार्यमा सहजीकरण गर्ने,

(थ) विद्यालयहरुलाई विद्यालयगत सिकाइ उपलब्धि वृद्धि गर्ने योजना निर्माण गर्न लगाई सो योजनाको शारांश बनाई शिक्षा शाखा प्रमुखलाई उपलब्ध गराउने,

(द) विद्यालयले निर्माण गरेको योजना कार्यान्वयनको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने,

(ध) निरीक्षण गरिएको विद्यालयमा कम्तिमा २ वटा कक्षा अवलोकन गरी सम्बन्धित शिक्षकसँग अन्तक्रियाका साथै पृष्ठपोषण लिनेदिने कार्य गर्ने,

(न) आवश्यकताअनुसार नमुना कक्षा लिने र शिक्षकहरुबाट पनि नमुना कक्षा लिने व्यवस्था मिलाउने,

(प) विद्यालय तथा शिक्षकलाई दिइएको निर्देशन पृष्ठपोषणको अभिलेखीकरण गरी शिक्षा शाखालाई समेत जानकारी गराउने,

(फ) विद्यालय, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापक तथा विद्यालय तहका अन्य पक्षले गर्नुपर्ने भनी तोकिएका कार्यहरुको अनुगमन गरी प्रतिवेदन पेश गर्ने,

(ब) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सँघका पदाधिकारीहरुसँग विद्यालयको शैक्षिक अवस्थाका बारेमा छलफल गरी परामर्श प्रदान गर्ने,

(भ) विद्यालयको अनुगमन तथा सुपरीवेक्षणको आधारमा विद्यालय तथा शिक्षकलाई पुरस्कार र दण्डको लागि सिफारिस गर्ने,

(म) शिक्षासम्बन्धी तालिम सञ्चालन गर्ने गराउने,

(य) नगरपालिका, नगर कार्यपालिकाले तोकेबमोजिम शैक्षिक तथा प्रशासनिक कार्यहरू गर्ने ।

## ४.२ शिक्षा सम्पर्क व्यक्तिको सेवा, शर्त र सुविधाहरू

(क) शिक्षा सम्पर्क व्यक्तिको रूपमा काज खटिएको शिक्षकले सम्बन्धित विद्यालयबाटै खाईपाई आएको तलव भत्ता पाउनेछ,

(ख) शिक्षा सम्पर्क व्यक्तिले  मासिक १००००फिल्ड भत्ता पाउनेछ,

(ग) शिक्षा सम्पर्क व्यक्तिको फिल्ड भत्ता  शिक्षा शाखाको सिफारिसमा उपलब्ध गराइनेछ ।

(घ) शिक्षा सम्पर्क व्यक्तिले नियमानुसार विदा लिन पाउनेछ । शिक्षा सम्पर्क व्यक्तिकोअसाधारण, बेतलबी र अध्ययन विदा कार्यरत विद्यालयको व्यवस्थापन समितिको निर्णय तथा नगरपालिकाको सिफारिसमा शिक्षा विकास तथा समन्वय इकाइले स्वीकृत गर्नेछ ।  लामो विदा (हिउँदे वा बर्षे)मा  शिक्षा शाखाले काममा लगाएमा निजहरूको विदाको समयमा काम गरेको अवधिको सट्टा विदा पाउनेछन् ।सो वापत कुनै आर्थिक दायित्व व्यहोरिने छैन ।

(ङ) शिक्षा सम्पर्क व्यक्तिको हाजिरी नगरपालिकामा  हुनेछ ।

(च) शिक्षा सम्पर्क व्यक्ति वार्षिक तथा मासिक स्वीकृत योजनाअनुसार विद्यालय अनुगमन सुपरिवेक्षणमा रहेको बखत हाजिरी कापीमा फिल्ड काज जनाउनु पर्नेछ ।

(छ) शिक्षकबाट नियुक्ति शिक्षा सम्पर्क व्यक्तिको हकमा शिक्षा सम्पर्क व्यक्तिको रूपमा कार्य गरेको अवधिलाई निजको शिक्षक पदको सेवा अवधिको रूपमा गणना हुनेछ । यसले निजको वृत्ति विकासको अवसर उपलब्ध गराउन कुनै बाधा पर्ने छैन ।

# परिच्छेद - ५

## ५. शिक्षा सम्पर्क व्यक्तिको नियुक्तिको लागि योग्यता

५.१ शिक्षाशास्त्रमा दर्शनाचार्य वा स्नातकोत्तर

५.२ अन्य विषयमादर्शनाचार्य वा स्नातकोत्तर उत्तीर्ण गरी शिक्षाशास्त्रमा स्नातक वा १० महिने सेवाकालीन तालिम प्राप्त गरी माध्यमिक तह (कक्षा ९-१२) मा शिक्षक नियुक्ति भई कम्तीमा ५ वर्ष अनुभव हासिल गरेको हुनुपर्ने ।

# परिच्छेद - ६

## ६ शिक्षा सम्पर्क व्यक्ति छनौटका आधारहरू

६.१ शिक्षा सम्पर्क व्यक्ति पदका लागि खुला प्रतियोगिताबाट उम्मेदवार छनौट गर्दा लिइने परीक्षाको पाठ्यक्रम नगरशिक्षा समितिले तोकेबमोजिमको हुनेछ ।

६.२ नगरपालिकाभित्रका विद्यालयमा कार्यरत माध्यमिक तह (कक्षा ९र १२) का शिक्षकहरूलाई शिक्षा सम्पर्क व्यक्तिको रूपमा काजमा खटाउन सकिने छ ।

६.३ उपदफा ७.२ बमोजिम नगरपालिका भित्रका विद्यालयमा कार्यरत शिक्षकहरूलाई शिक्षा सम्पर्क व्यक्तिको रूपमा काजमा खटाउँदा नगर शिक्षा समितिको निर्णय, सिफारिस तथा कार्यपालिकाको निर्णयबमोजिम नियुक्ति गरिनेछ ।

६.४ शिक्षा सम्पर्क व्यक्तिका साथै आधारभूत तह (कक्षा ६-८ ) मा गणित विज्ञान विषयको सिकाइकार्यमा सहजीकरण गर्नका लागि सहायक स्तर पाँचौं वा सो सरहको एक जनाविज्ञान गणित सम्पर्क व्यक्ति नियुक्त गर्न सकिनेछ । विज्ञान गणित सम्पर्क व्यक्तिको नियुक्ति प्रक्रिया दफा ३ बमोजिम हुनेछ ।

६.५ विज्ञान गणित सम्पर्क व्यक्ति आधारभूत तह (कक्षा ६-८) मा कार्यरत शिक्षक वा खुल्ला प्रतिस्पर्धाबाट नियुक्त गर्न सकिनेछ ।

६.६ विज्ञान गणित सम्पर्क व्यक्तिको शैक्षिक योग्यता सहायक स्तर पाँचौं वा सो सरहका लागि तोकिएबमोजिम हुनेछ ।

६.७ विज्ञान गणित सम्पर्क व्यक्तिको सेवा सुविधा तोकिएबमोजिम हुनेछ। विज्ञान गणित सम्पर्क व्यक्तिले शिक्षा सम्पर्क व्यक्ति सो सरह फिल्ड भत्ता पाउनेछ।

# परिच्छेद -७

## ७.विविध

७.१ यो निर्देशिका जारी हुनु पूर्व नियुक्ति भएका शिक्षा सम्पर्क व्यक्ति यसै निर्देशिकाबमोजिम नियुक्ति भएको मानिने छ।

७.२ शिक्षकहरूमध्येबाट शिक्षा सम्पर्क व्यक्ति बनाइएको अवस्थामा निज कार्यरत रहेको विद्यालयमा माध्यमिक तह (कक्षा ९-१२) पठनपाठनको असहज अवस्थालाई सहजीकरण गर्न लियन पदको रूपमा नगरपालिका अनुदानको कोटा उपलब्ध गराइनेछ।

७.३ शिक्षा सम्पर्क व्यक्तिहरूको कार्य विभाजननगर शिक्षा समिति तथा नगरकार्यपालिकाले तोकेबमोजिम हुनेछ।

७.४ विज्ञान गणित सम्पर्क व्यक्तिको कार्य विभाजन नगर शिक्षा समिति तथा नगरकार्यपालिकाले तोकेबमोजिम हुनेछ।

आज्ञाले<br>
देवकिरण बुढा<br>
प्रमुख प्रशासकीय अधिकृत